धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ८० ◆ २०८३ असोज २० मंगलबार ◆ Tuesday, October 6, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## निगमलाई नतिजामुखी बनाउन जोड : पर्यटनमन्त्री पौडेल

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । नेपाल वायुसेवा निगमलाई नतिजामुखी बनाउन पूर्ण स्वायत्त रुपमा काम गर्न दिनुपर्ने धारणा व्यक्त गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले प्रतिनिधिसभा, अन्त-राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सोमबारको बैठकमा राजनीतिक हस्तक्षेपका कारण निगम धरासायी बन्दै गएको जानकारी दिनुभयो । सांसदले निगमले भोग्नु परेका चुनौती र समाधानका पक्षमा आआफ्नो सुझाव र जिज्ञासा राख्नुभएको थियो । निगमका बारेमा राखेको जिज्ञासा बारे मन्त्री पौडेलले जानकारी दिनुभएको थियो । मन्त्री पौडेलले वर्तमान सरकारले निगमलाई पूर्ण रुपमा स्वायत्तताका साथ काम गर्न दिएको र निर्णय प्रक्रियामा पूर्ण स्वतन्त्रता दिएको प्रष्ट पार्नुभयो । "स्वायत्तता पाउँदा कर्मचारीहरुले नतिजा दिन सक्छन्", उहाँले भन्नुभयो । निगमको नाफा घाटा मात्रै नभई राष्ट्रिय सम्मानको विषय भएकाले ऐतिहासिक साँख जोगाउनु राज्यको दायित्व रहेको बताउनुभयो । बैठकमा समितिका सभापति सुम्नीमा उदासले छलफल पश्चात निर्देशनात्मक सुझाव दिइने र त्यसैअनुसार निगमको व्यवस्थापकले कार्य सम्पादन गर्नुपर्ने प्रष्ट पार्नुभयो ।

## कर्णाली सरकारका मुख्य न्यायाधिवक्ता जोशीद्वारा शपथ ग्रहण

कर्णाली । कर्णाली प्रदेश सरकारका नवनियुक्त मुख्य न्यायधिवक्ता सर्वराज जोशीले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ ।

उच्च अदालत सुर्खेतका मुख्य न्यायाधीश हरिप्रसाद भण्डारीले मुख्यन्यायधिवक्ता जोशीलाई सोमबार पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको हो ।

कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीको सिफारिसमा प्रदेश प्रमुख यज्ञराज जोशीले नेपालको संविधानको धारा १६० बमोजिम जोशीलाई मुख्य न्यायधि-वक्तामा नियुक्त गर्नुभएको थियो । प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकारका रूपमा नियुक्त मुख्यन्यायधिवक्ता जोशी दैलेखको नारायण नगरपालिका-१ निवासी हुनुहुन्छ । नेपाल ल क्याम्पसबाट कानुनमा विसं २०५४ मा बिएल (स्नातक) र त्रिचन्द्र कलेजबाट समाजशास्त्रमा विसं २०५९ मा एमए (स्नातकोत्तर) उत्तीर्ण गर्नुभएका जोशीले २५ वर्षदेखि अनवरत कानुन व्यवसायीका रूपमा काम गर्दै आएको बताउनुभयो ।

## न्यू किबो बोर्डिङका दुई विद्यार्थीलाई शीतल छहारी नेपालद्वारा ५०-५० हजार सहयोग

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । धादिङमा न्यू किबो बोर्डिङ स्कुलमा अध्ययनरत दुई विद्यार्थीलाई शीतल छहारी नेपालले जनही ५० हजार रुपैयाँ सहयोग प्रदान गरेको छ । शीतल छहारी नेपालले कक्षा ८ मा अध्ययनरत प्रतिक लम्साल र कक्षा ४ का आर्यन लम्साललाई पठनपाठन तथा घरायसी खर्चमा सहयोग पुगोस् भन्ने उद्देश्यले नगद छात्रवृत्ति प्रदान गरेको हो ।

कार्यक्रममा शीतल छहारी नेपालका अध्यक्ष कृष्णबहादुर पौडेल 'बद्री'ले संस्थाले जेहेन्दार तथा आर्थिक रूपमा अप्ठ्यारोमा रहेका बालबालिकाको शिक्षामा सहयोग गर्दै आएको बताउनुभयो । उहाँका अनुसार संस्थाले स्वावलम्बी बहिरा विद्यालयसँग सहकार्य गर्नुका साथै आमाको माया छात्रावास, बौद्धिक अपाङ्गता भएका बालबालिका बस्ने संस्थालगायत विभिन्न विद्यालय तथा क्षेत्रमा सहयोग गर्दै आएको उहाँले जानकारी दिनुभयो । यसैगरी, भदौ १० गते आएको बाढीबाट प्रभावित नुवाकोटको तुप्चे तथा धादिङको गजुरी गाउँपालिका-५ गलौँदी र बिहानी पम्प क्षेत्रका परिवारलाई खाद्यान्न, लत्ताकपडा, टेन्ट, पानीका सामग्रीलगायत सहयोग गरिएको उहाँले बताउनुभयो ।

अध्यक्ष पौडेलले दुई विद्यार्थीलाई आगामी दिनमा पनि सम्भव भएसम्म सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो ।

विद्यालयका प्रिन्सिपल प्रयास रेग्मीले विद्यार्थीको पढाइमा विद्यालयले समेत पूर्ण छात्रवृत्तिसहित अभिभावकीय जिम्मेवारी बहन गर्ने बताउनुभयो । विद्यालयले थप आर्थिक सहयोग गर्ने तथा शिक्षकहरूको पारिश्रमिकबाट समेत सहयोग गर्ने विषयमा छलफल भइरहेको उहाँले जानकारी दिनुभयो ।

# चाडपर्व सुरु भएसँगै काठमाडौँका मठमन्दिरमा सजावटको रौनक

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । नेपालीको महान चाड वडादसैँ, तिहार र छठ नजिकिएसँगै काठमाडौँ उपत्यकाभित्रका मठ-मन्दिर, शक्तिपीठ तथा विभिन्न धार्मिक स्थल क्षेत्रमा सर-सफाइ सहित सजावटको रौनक बढेको छ ।

चाडपर्वलाई लक्षित गर्दै उपत्यकाका विभिन्न धार्मिक तथा सांस्कृतिक सम्पदामा सरसफाइ, रङ्गरोगन, मर्मतसम्भार तथा आकर्षक सजावटको काम तीव्र पारिएको छ । दसैँका अवसरमा विशेष गरी शक्तिपीठ तथा देवीदेवताका मन्दिरमा दर्शन र पूजाआजाका लागि ठूलो सङ्ख्यामा भक्तजन आउने भएकाले मन्दिर व्यवस्थापन समिति, स्थानीयवासी तथा विभिन्न सङ्घसंस्थाले आवश्यक तयारी थालेका हुन् । धार्मिक सम्पदालाई व्यवस्थित तुल्याएर भक्तजनको आवागमन सहज बनाउने तथा मन्दिर परिसरलाई आकर्षक बनाउने उद्देश्यले विभिन्न काम भइरहेको छ । खासगरी गुह्येश्वरी, भद्रकाली, मैतीदेवी, कालिकास्थान, शोभा भगवती, नक्साल भगवती, इन्द्रायणीलगायत प्रमुख शक्तिपीठ तथा मठमन्दिरमा अहिले सरसफाइसँगै रङ्गरोगन, बत्ती जडान, प्रवेशद्वार सजावट तथा आवश्यक मर्मतसम्भारका काम भइरहेका छन् । मैतीदेवी मन्दिर क्षेत्र प्रबन्ध समितिका सदस्य सचिव रमेश खड्गीका अनुसार चाडपर्वमा भक्तजनको चाप बढ्ने भएकाले मन्दिर परिसरलाई व्यवस्थित र आकर्षक बनाउने काम भइरहेको छ । उहाँका अनुसार मन्दिरको बाहिरी तथा भित्री भागको सरसफाइ, रङगरोगन तथा आवश्यक मर्मतसम्भारसँगै भक्तजनको आवागमनलाई सहज बनाउने तयारीसमेत भइरहेको छ । "चाडपर्वका समयमा मन्दिरमा भक्तजनको सङ्ख्या उल्लेख्य रूपमा बढ्ने भएकाले अहिलेबाटै सरसफाइ र व्यवस्थापन को कामलाई प्राथमिकता दिएका छौँ", उहाँले भन्नुभयो ।

दसैँमा विशेषगरी देवीका शक्तिपीठमा दर्शन तथा पूजाआजा गर्ने धार्मिक परम्परा रहेकाले घटस्थापनादेखि नै काठमाडौँ उपत्यकाका विभिन्न धार्मिकस्थलमा भक्तजनकको घुइँचो लाग्ने गरेको पाइन्छ । नवरात्रमा देवीका मन्दिरमा विशेष पूजाआजा हुने भएकाले देशका विभिन्न स्थानबाट समेत भक्तजन राजधानीका धार्मिक स्थलमा आउने परम्परा छ ।

भक्तजनको बढ्दो चापलाई ध्यानमा राखेर मन्दिर व्यवस्थापन पक्षले खानेपानी, सरसफाइ, बत्ती, सुरक्षा तथा आवतजावत व्यवस्थापन लाई प्राथमिकतामा राखेको जनाएको छ । मन्दिरमा दर्शनका लागि आउने भक्तजनलाई लामो समयसम्म लाइनमा बस्न नपरोस् भन्ने उद्देश्यले परिसर व्यवस्थापनमा समेत विशेष ध्यान दिइएको छ । मन्दिरमा भक्तजनको भीड बढ्ने समयमा दर्शन तथा पूजाआजा व्यवस्थित गर्न आवश्यक व्यवस्था पन मिलाउने, मन्दिर परिसरमा फोहर हुन नदिने तथा भक्तजनलाई सहज रूपमा दर्शन गर्ने वातावरण तयार गर्ने काम भइरहेको जनाइएको छ ।

मैतीदेवीका स्थानीयवासी दीपक महर्जनका अनुसार मन्दिर तथा आसपासका क्षेत्रमा सरसफाइ र सजावटको काम सुरु भएसँगै चाडपर्वको अनुभूति बढ्न थालेको छ ।

"साँझपख मन्दिर तथा धार्मिकस्थलमा झिलिमिली बत्ती बल्न थालेपछि छुट्टै रौनक देखिन थालेको छ", उहाँले भन्नुभयो । काठमाडौँ उपत्यकामा रहेका प्राचीन मठमन्दिर तथा शक्तिपीठ धार्मिक आस्थाका केन्द्र मात्र नभई ऐतिहासिक तथा सांस्कृतिक सम्पदासमेत भएकाले चाडपर्वका बेला त्यहाँको वातावरण अझ आकर्षक बन्ने गरेको छ ।

# सुझावमा सार्वजनिक खरिद ऐनको दोस्रो संशोधन : मन्त्री लम्साल

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले नेपाल निर्माण व्यवसायी महासङ्घको सुझाव अनुरुप नै सार्वजनिक खरिद ऐनको दोस्रो संशोधन गरिएको बताउनुभएको छ ।

सार्वजनिक खरिद ऐनको दोस्रो संशोधनका क्रममा महासंघको वर्तमान कार्य समितिबाट महत्वपूर्ण सुझावहरू आएकोमा सोका लागि मन्त्री लम्सालले धन्यवाद ज्ञापन गर्नुभयो । लगानी र विकासका लागि कानुन सुधार परामर्श कार्यशाला समापनका अवसरमा उहाँले वर्तमान सरकारले सरोकारवाला पक्षसँगै बसेर आवश्यक नीति नियम तर्जुमा गर्ने रणनीति अघि सारेको जानकारी दिनुभयो । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले निजी क्षेत्रबाट प्राप्त सुझावलाई सरकारले महत्त्वपूर्ण दस्तावेजको रुपमा लिएको र त्यसैअनुसार कार्यान्वयन गरिने बताउनुभयो । पूर्वाधार विकास मन्त्रालयका सहसचिव एवं निर्माण व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन कार्यान्वयन समितिका अध्यक्ष कृष्णराज पन्तले विज्ञहरूबाट प्राप्त सुझावलाई राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा रहेको समितिमार्फत थप परिमार्जन एवं परिष्कृत गरिने जानकारी दिनुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घका निवर्तमान अध्यक्ष चन्द्र ढकालले निजी क्षेत्र र सरकारको सहकार्यबाट मात्रै आर्थिक समृद्धि सम्भव भएको बताउनुभयो । नेपाल निर्माण व्यवसायी महासङ्घका वरिष्ठ उपाध्यक्ष रामजी पन्तले वर्तमान सरकार निजी क्षेत्र मैत्री रहेको प्रतिक्रिया दिनुभयो ।

नेपाल उद्योग परिसङ्घका उपाध्यक्ष हेमराज ढकालले निजी क्षेत्रले दिएको सुझाव कार्यान्वयन हुने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्रीका नीति, प्रशासन तथा सुशासन सल्लाहकार सुदीप ढकालको अध्यक्षतामा भएको कार्यशालामा संसदीय समितिका सभापति तथा सदस्य, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रतिनिधि, विभिन्न मन्त्रालयका प्रतिनिधि, विषयगत विज्ञ, निजी क्षेत्रका विभिन्न सङ्घ-संस्थाका प्रतिनिधि सहभागी हुनुहुन्थ्यो ।

विकास निर्माणलाई प्रभावकारी बनाउने रणनीति, विद्यमान कानुनी व्यवस्थामा आवश्यक सुधार तथा सरलीकरण गर्ने विषयमा विस्तृत छलफल भएको थियो । त्यस अवसरमा विकास निर्माणका क्षेत्रमा देखिएका कानुनी तथा प्रक्रियागत जटिलता समाधान गर्दै लगानीमैत्री वातावरण निर्माण गर्ने विषयमा सहभागी बाट महत्वपूर्ण प्रस्तुत गरिएको थियो ।

# शैक्षिक क्षेत्रका व्यक्तित्वलाई सम्मान र पुरस्कार प्रदान

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । शिक्षा पत्रकार समूहको २७ औं साधारणसभा तथा १३ औं अधिवेशनका अवसरमा आज शिक्षा क्षेत्रका विभिन्न व्यक्तित्व तथा संस्थालाई सम्मान तथा पुरस्कार प्रदान गरिएको छ ।

कार्यक्रममा गत भदौ १० गतेको भोटेकोशी बाढीका क्रममा विद्यार्थीलाई सुरक्षित राख्न सफल नुवाकोटको त्रिशूली त्रिवेणी माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्र दवाडी, शिक्षा पत्रकार समूहका संस्थापक अध्यक्ष राजन शर्मा, नवप्रवर्तनात्मक कार्यका लागि रानीवारी माध्यमिक विद्यालयकी विद्यार्थी बेबिसा मगराती तथा संस्थागततर्फ सेभ द चिल्ड्रेनलाई सम्मान गरिएको हो । संस्थापक शर्मालाई दिइएको शिक्षा पत्रकारिता पुरस्कारको राशि रु २५ हजार रहेको छ ।

कार्यक्रममा शिक्षाविद् एवं त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति केदारभक्त माथेमालेती सम्मान तथा पुरस्कार प्रदान गर्नुभएको हो ।

यसैगरी सो अवसरमा शिक्षासेवी सम्मान जिलेशन साहलाई प्रदान गरियो । कार्यक्रममा शिक्षा क्षेत्रका विभिन्न सङ्घसंस्थाका प्रतिनिधिले शैक्षिक रूपान्तरण र सुधारका लागि सरकार तथा सरोकारवालाबीच निरन्तर संवादको प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

शिक्षा तथा खेलकुद मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले शिक्षा क्षेत्रका समस्या, नीति तथा सुधारका विषयलाई तथ्यपरक रूपमा सार्वजनिक बहसमा ल्याउन शिक्षा पत्रकारको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्नुभयो । नेपाल शिक्षक महासङ्घका अध्यक्ष सुन्दर पन्तले सरकारले आफूहरूले राखेका मागबारे छलफल गर्न वार्तामा बोलाउन माग गर्नुभयो । शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसीई) का अध्यक्ष लवराज ओलीले शैक्षिक रूपान्तरणका लागि शिक्षा




पत्रकारको सहकार्य आवश्यक रहेको बताउनुभयो ।

प्याब्सनका उपाध्यक्ष दीपिका थापा रिमालले निजी क्षेत्रमको भूमिका उल्लेखनीय रहेको विचार प्रकट गर्नुभयो ।

सम्पादकीय ....

# विगतको अनुभवबाट सिक्नुपर्ने

नेपाली खेलकुद क्षेत्रमा संस्थागत विकास भएको सात दशकभन्दा बढी भैसकेको छ तर तल्लो तहदेखि नै खेलकुद क्षेत्रमा आवश्यकता अनुसार लगानी हुन सकेको छैन । सानै उमेरदेखि खेलाडीलाई खेल कौशल सिकाएर दीर्घकालीन रुपमा प्रतिभाशाली खेलाडीहरु उत्पादन गर्ने नियमित प्रशिक्षणको नभएसम्म नेपाल वैदेशिक मैदानमा पछि परिरहनु कुनै नौलो मानिदैन । अन्य राष्ट्रहरुसँग प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरु तयार पार्न यथेष्ट लगानी नगरेसम्म पदक प्राप्त त्यति सहज छैन । यसपालि नेपालले २१ वटा खेलमा सहभागिता जनाउनु उचित थिएन । खेलाडीहरुको खेल प्रदर्शनको धरातलको आँकलननै नगरेर धेरै खेलमा प्रतिस्पर्धा गर्दा पराजय भोग्नु पर्‍यो । पदकको सम्भावना भएका खेलमा मात्र खेलाडी पठाइएको भए यस्तो स्थिति पक्कै आउँदैनथ्यो । विगतका प्रतियोगितामा प्रदर्शनको इतिहासका साथै पछिल्ला वर्षहरुमा स्वदेशी तथा वैदेशिक प्रतियोगितामा हासिल भएका उपलब्धिका आधारमा खेल चयन हुन सकेन ।

तीन वर्षअघि चीनमा तथा यसपालि गरी एसियाडमा लगातार दुईपटक कास्य पदक जितेको नेपाली महिला कबड्डी टिमका सदस्यहरुले आफूले हासिल गरेको पदक पनि आमाप्रति समर्पित गरेर मातृभक्ति दर्साएका छन् । नेपालको दुई पटकको विजयमा महत्वपूर्ण भूमिका खेलेकी कबड्डी प्रशिक्षक पार्वती राईलाई खेलाडीहरुले आमा सम्बोधन गर्दै सबै पदक लगाएर सम्मान गरेको क्षण अत्यन्त गर्विलो थियो । नागोयामा विभिन्न खेलमा दिनहुँजसो नेपाली खेलाडीहरुको निरासाजनक नतिजा आइरहेको बेला मनमती विष्टको नेतृत्वमा रहेको नेपाली महिला कबड्डी टिमले एसियाडमा दोस्रो पटक कास्य पदक जितेर इतिहास कायम गर्न सफल भएको थियो । थाइल्याण्ड र श्रीलङ्कालाई दबाब दिँदै हराउन सफल नेपाली टिम चाइनिज ताइपेइसँग भने पराजित हुन पुगेको थियो ।

सेमीफाइनलमा नेपाली टिम भारतसँग पराजित भई कास्य पदकमा सीमित हुन पुगे पनि नेपाली महिला कबड्डीमा नेपालले आगामी दिनमा थप सफलता प्राप्त गर्न सक्ने सङ्केत देखिएको छ । महिला कबड्डीमा भारतीय टिम तुलनात्मक रुपमा अन्य टिमभन्दा बलियो मानिएको छ । नेपाली टिम भारतसँग पराजित भएको यो पहिलो पटक थिएन । अघिल्लो एसियाडमा पनि नेपाल सेमीफाइनलमा भारतसँगै हारेको थियो । १३औं दक्षिण एसियालीखेलकुदको महिला कबड्डी फाइनलमा पनि नेपाल भारतसँग पराजित भई रजत पदकमा सीमित भएको थियो । अब आउने प्रतिस्पर्धाहरुमा पुरानो प्रतिद्वन्द्वी टिमलाई परास्त गर्नसक्ने गरी महिला कबड्डी टिमलाई सक्षम बनाउन सम्बन्धित पक्षले यथोचित कदम चाल्नुपर्ने जरुरी देखिन्छ । यसका लागि सबैभन्दा पहिले कबड्डीका लागि छुट्टै कभर्ड हलको आवश्यकता महसुस गरिएको छ । एसियाडमा नेपालको महिला टिमको तुलनामा पुरुष कबड्डी टिम भने कमजोर देखिएको थियो । समूह चरणको अन्तिम खेलमा नेपाली पुरुष कबड्डी टिमले मलेसियालाई हराउँदै सान्त्वना जित हात पारे पनि अघिल्लो तीनै खेलमा पराजित हुँदै समूह चरणबाट बाहिरिएको थियो । एसियाडको अनुभव भोलि आउने प्रतिस्पर्धाका लागि उपयोगी हुने कुरामा सहमत हुन सकिन्छ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका “प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

# विनिताको जीवनमा उथलपुथल

लोकेश धामी

साथीको लहैलहैमा लागेर सुरु भएको कुलतले बिनिता थापा (नाम परिवर्तन) को जीवनमा ठूलो उथलपुथल ल्यायो ।

सुरुमा गलत सङ्गतको प्रभाव सामान्य जस्तो लागे पनि विस्तारै उहाँ लागुऔषधको लतमा फस्दै जानुभयो । लत बढ्दै गएपछि परिवार, आफन्त र समाजसँगको सम्बन्धसमेत बिग्रँदै गयो । दुर्व्यसनकै कारण उहाँले परिवार र समाजबाट अपहेलित हुनुपर्‍यो । उहाँका कारण परिवारले समेत विभिन्न समस्या झेल्नुपर्‍यो । विगत सम्झँदा उहाँलाई आफ्नो जीवनप्रति पछुतो लाग्छ । अहिले भने विनिता विगतलाई छाडेर सामान्य जीवनमा फर्किन चाहनुहुन्छ ।

“गलत सङ्गतले गर्दा सुरुमा के भइरहेको छ भन्ने नै बुझिन । विस्तारै लत बस्दै गयो । त्यसपछि परिवार र समाजबाट टाढिँदै गएँ । अहिले भने त्यो जीवनबाट बाहिर निस्केर पहिले जस्तै सामान्य जीवन बाँच्न चाहन्छु”, विनिताले भन्नुभयो ।

विनिताको जस्तै कथा गीता तामाङ (नाम परिवर्तन) को पनि छ । परिवारभित्रको असमझदारी र बढ्दो मानसिक तनाबले उहाँलाई विस्तारै मदिराको लततर्फ धकेल्यो । सासुससुरासँगको सम्बन्धमा आएको समस्याले उहाँ तनाबमा रहने गर्नुहुन्थ्यो । तनाब कम गर्ने बहानामा सुरु भएको मदिरा सेवनपछि उहाँको दैनिकीको हिस्सा बन्दै गयो ।

समयसँगै मदिराको लत बढ्दै गयो । आफ्नो नियन्त्रणभन्दा बाहिर जान थालेपछि परिवारले उहाँलाई पुनःस्थापना केन्द्रमा ल्यायो । अहिले उहाँ केन्द्रमै रहेर पुरानो बानीबाट बाहिर निस्कने प्रयास गरिरहनुभएको छ ।

“परिवारमा समस्या थियो । सासुससुरासँग कुरा मिल्दैनथ्यो । तनाबमा हुँदा मदिरा सेवन गर्न थालेँ । पछि त्यही बानी लतमा परिणत भयो । अहिले यहाँ बसेर आफूलाई परिवर्तन गर्ने प्रयास गरिरहेकी छु”, गीताले भन्नुभयो ।

उहाँमा विगतको तुलनामा सुधार देखिन थालेको छ । नियमित परामर्श, अनुशासित दैनिकी र केन्द्रको वातावरणले उहाँलाई नयाँ जीवनप्रति आशावादी बनाएको छ । उहाँ अब विगतको समस्या बिर्सिएर परिवारसँग पुनः सहज सम्बन्ध कायम गर्दै सामान्य जीवन बिताउन चाहनुहुन्छ । विनिता र गीता प्रतिनिधि पात्र मात्र हुनुहुन्छ । ललितपुरको महालक्ष्मी नगर पालिका-९ लामाटारस्थित ग्रेस फाउण्डेसन महिला पुनर्स्थापना केन्द्रमा अहिले उहाँहरूजस्तै ११७ महिला तथा किशोरी पुनःस्थापनाको प्रयासमा हुनुहुन्छ । तीमध्ये १३ देखि १५ वर्ष उमेर समूहका किशोरीको सङ्ख्या उल्लेख्य रहेको केन्द्रले जनाएको छ । कसैलाई साथीको गलत सङ्गतले दुर्व्यसनतर्फ धकेलेको छ भने कसैको जीवनमा पारिवारिक तनाब, सामाजिक परिवेश वा अन्य परिस्थितिले त्यसको आधार तयार गरेको छ । तर, उनीहरूको साझा चाहना भने एउटै छ, विगतको लतबाट मुक्त भएर सामान्य जीवनमा फर्किनु ।

केन्द्रमा रहेका महिला तथा किशोरीको पुनःस्थापनाका लागि पठनपाठन, योग, खेलकुद तथा विभिन्न सिर्जनात्मक गतिविधि सञ्चालन हुँदै आएका छन् । विगतमा आफैँ दुर्व्यसन वा अन्य समस्याबाट गुज्रिएर पुनःस्थापित भएका केहीले अहिले केन्द्रमा रहेका अन्यलाई आफ्ना अनुभव सुनाउने र हौसला दिने गरेका छन् । केन्द्रका कार्यक्रम संयोजक जुनराज भण्डारीका अनुसार हालसम्म करिब १० हजार महिलाले केन्द्रबाट सेवा लिइसकेका छन् । उहाँ विगत नौ वर्षदेखि संस्थासँग आबद्ध हुनुहुन्छ । “यहाँ आउने धेरैजसो महिला विभिन्न पारिवारिक, सामाजिक तथा दुर्व्यसनसम्बन्धी समस्याबाट प्रभावित हुनुहुन्छ । कतिपय मदिराको लतमा परेर पारिवारिक सम्बन्ध बिग्रिएका हुन्छन् भने कतिपय लागुऔषधको दुर्व्यसनका कारण पुनःस्थापनाका लागि आउनुहुन्छ”, राजभण्डारीले राससससँग भन्नुभयो । उहाँका अनुसार पुनःस्थापनाको प्रक्रियामा रहेका व्यक्तिलाई परिवार र समाजको साथ सबैभन्दा महत्त्वपूर्ण हुन्छ । तर, यस्ता केन्द्र सञ्चालनका लागि आवश्यक स्रोतको अभाव भने चुनौतीका रूपमा रहेको उहाँ बताउनुहुन्छ । “संस्थाले आफ्नो स्रोत र क्षमताले भ्याएसम्म सहयोग गरिरहेको छ । तर, यस्ता केन्द्र सञ्चालन गर्न आर्थिक स्रोतको आवश्यकता धेरै हुन्छ । सरकारी निकायबाट पनि आवश्यक सहयोग हुन सके अझ प्रभावकारी रूपमा काम गर्न सकिन्थ्यो”, संयोजक राजभण्डारीले भन्नुभयो । ग्रेस फाउण्डेसनका सञ्चालक विगेन्स नेम्वाङका अनुसार केन्द्रमा रहेका महिला तथा किशोरीलाई नियमित रूपमा मनोपरामर्श तथा आवश्यक सहयोग प्रदान गरिँदै आएको छ । दुर्व्यसनबाट प्रभावितलाई उपचार गरेर मात्र नभइ मानसिक रूपमा तयार पार्दै अध्ययन तथा सामाजिक जीवनमा पुनःस्थापित गराउने प्रयास भइरहेको उहाँले बताउनुभयो । “केन्द्रमा रहेका किशोरी तथा महिलालाई हामीले नियमित रूपमा परामर्श दिँदै आएका छौँ । दुर्व्यसनबाट बाहिर निस्कन उपचारसँगै निरन्तर परामर्श र सकारात्मक वातावरण आवश्यक हुन्छ । त्यसैअनुसार केन्द्रको वातावरण तयार गर्ने प्रयास गरेका छौँ”, नेम्वाङले भन्नुभयो ।

उहाँका अनुसार केन्द्रमा रहेर केही किशोरीले आफ्नो अध्ययनलाई समेत निरन्तरता दिइरहेका छन् । केन्द्रमै बसेर कक्षा ८ देखि १२ सम्मका साथै स्नातक तहसम्मको अध्ययन गर्ने किशोरी समेत रहेको उहाँले जानकारी दिनुभयो । “यहाँ आएपछि पढाइ नै रोक्नुपर्छ भन्ने होइन । केन्द्रमै बसेर केही किशोरीले कक्षा ८ देखि १२ सम्मको अध्ययन गरिरहेका छन् । केहीले स्नातक तहसम्मको अध्ययनलाई पनि निरन्तरता दिइरहेका छन् । उपचारसँगै उनीहरूको भविष्य पनि निर्माण गर्नुपर्छ भन्ने हाम्रो उद्देश्य हो”, नेम्वाङले भन्नुभयो ।

केन्द्रबाट उपचार तथा पुनःस्थापनापछि घर फर्किएकामध्ये करिब ३० प्रतिशत पूर्णरूपमा स्वस्थ भएको आफ्नो अनुभव रहेको उहाँले बताउनुभयो । पुनर्स्थापनापछि दुर्व्यसनबाट मुक्त भएका केही किशोरी पुनः केन्द्रमै आएर अन्यलाई सहयोग गरिरहेका छन् ।

“केन्द्रबाट उपचारपछि घर फर्किएकामध्ये धेरै व्यक्ति पूर्ण रूपमा स्वस्थ भएर सामान्य जीवनमा फर्किनुभएको हाम्रो अनुभव छ । अझ खुसीको कुरा त के छ भने यहाँबाट सुधार भएर गएका केही किशोरी अहिले फेरि यहीँ आएर सेवा गरिरहनुभएको छ । उहाँका अनुसार केन्द्रमा ललितपुर तथा काठमाडौँ आसपास लगायतका क्षेत्रबाट दुर्व्यसनमा फसेका महिला तथा किशोरी आउने गरेका छन् ।

“देशका धेरै ठाउँबाट दुर्व्यसनमा फसेका महिला तथा किशोरी यहाँ आउने गर्नुहुन्छ । हाम्रो पहुँच काठमाडौँ उपत्यकामा मात्र सीमित छैन । देशका विभिन्न ठाउँबाट परिवारले आफ्ना छोरी तथा आफन्तलाई लिएर आउनुहुन्छ”, उहाँले भन्नुभयो ।

केन्द्रमा नेपालबाट मात्र नभइ विदेशमा रहेका नेपाली परिवारबाट समेत उपचार तथा पुनःस्थापनाका लागि किशोरी ल्याउने गरिएको छ । विदेशमा बसिरहनुभएका नेपाली पनि छोरीलाई लिएर यहाँ आउनुहुन्छ । विदेशमा बसेर सबै सुविधा हुँदाहुँदै पनि छोरी दुर्व्यसनमा फसेपछि कसरी सहयोग गर्ने भन्ने समस्या उहाँहरूमा हुने गरेको देखिन्छ ।

दुर्व्यसनको समस्या देशका विभिन्न ठाउँमा रहे पनि अझै धेरै प्रभावितले समयमै उचित परामर्श र उपचार पाउन नसकेको उहाँको अनुभव छ । धेरै ठाउँमा सही परामर्श र उपचार नपाएर दुर्व्यसनमा फसेका समस्यामै रहनुभएको छ । परिवारले समस्या थाहा पाए पनि कहाँ लैजाने, कसरी उपचार गर्ने र कसरी पुनःस्थापना गर्ने भन्ने जानकारी छैन । दुर्व्यसनबाट प्रभावितलाई समाज बाट अलग गर्नेभन्दा उनीहरूको अवस्था बुझेर परिवार र समाजले सकारात्मक वातावरण दिनुपर्नेमा उहाँले जोड दिनुभयो । दुर्व्यसनमा फसेको व्यक्तिलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्छ । उहाँहरूलाई समस्याका रूपमा मात्र हेर्नुभन्दा सुधार र पुनःस्थापनाको अवसर दिनुपर्छ । उचित परामर्श, उपचार र परिवारको साथ पाउने हो भने उहाँहरू फेरि सामान्य जीवनमा फर्कन सक्नुहुन्छ भन्ने विश्वास गरिएको छ । वरिष्ठ मनो-परामर्शदाता निर्मला बस्नेतका अनुसार पछिल्लो समय बालबालिका तथा किशोरकिशोरीमा दुर्व्यसनको समस्या बढ्नुमा देखासिकी, सामाजिक सञ्जालको दुरुपयोग, गलत साथीको सङ्गत र परिवारले पर्याप्त समय दिन नसक्नेजस्ता कारण प्रमुख छन् ।

“देखासिकी गर्ने प्रवृत्ति बढेको छ । सामाजिक सञ्जालको दुरुपयोग र गलत साथीको सङ्गतले पनि किशोरकिशोरीलाई गलत बाटोतर्फ धकेलिरहेको छ । परिवारले पर्याप्त समय दिन नसक्दा उनीहरूको व्यवहारमा आएको परिवर्तन समयमै पहिचान हुन नसक्ने अवस्था छ”, बस्नेतले भन्नुभयो । उहाँका अनुसार बालबालिकालाई हप्काउने वा नियन्त्रण गर्नेभन्दा उनीहरूसँग खुलेर संवाद गर्ने र परिवारमै आफ्ना समस्या राख्न सक्ने वातावरण बनाउन आवश्यक छ । सामाजिक सञ्जालको प्रयोगलाई पूर्ण रूपमा रोक्नुभन्दा यसको सही प्रयोगबारे अभिभावकले सचेत गराउनुपर्ने उहाँको भनाइ छ । “बाल-बालिकालाई समय दिने, उनीहरूको कुरा सुन्ने र साथीको जस्तो व्यवहार गर्ने हो भने धेरै समस्या सुरुमै पहिचान गर्न सकिन्छ । दुर्व्यसनमा फसेकालाई (बाँकी पृष्ठ ३मा)

## चाडपर्व मनाऔं : सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं
- चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार,
विज्ञापन वोर्ड

# चितवन मेडिकल कलेजमा स्तन क्यान्सरसम्बन्धी सचेतना अभियान

❑ *प्रत्यूष समाचारदाता*

चितवन । चितवन मेडिकल कलेज (सिएमसी)को भगिनी संस्था सिएमसी क्यान्सर इन्स्टिच्युटले स्तन क्यान्सर जागरुकता महिनाका अवसरमा विशेष स्वास्थ्य अभियान सञ्चालन गरेको छ। यस अन्तर्गत स्तन क्यान्सर सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले निःशुल्क परामर्श तथा जाँचका साथै म्यामोग्राम (स्तनको एक्सरे) र ब्रेस्ट यूएसजी (स्तनको भिडियो एक्सरे) मा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

हरेक वर्ष अक्टोबरलाई स्तन क्यान्सर जागरुकता महिनाका रूपमा मनाउने गरिन्छ। सिएमसी क्यान्सर इन्स्टिच्युटले पनि महिलामा स्तन क्यान्सरसम्बन्धी सचेतना बढाउने तथा समयमै स्वास्थ्य परीक्षण गराउने वातावरण बनाउन विशेष कार्यक्रम सञ्चालन गरिएको सिएमसीका प्रमुख कार्यकारी अधिकृत प्रताप देवकोटाले जानकारी दिनुभयो ।

उहाँका अनुसार अभियान अन्तर्गत स्तन क्यान्सरसँग सम्बन्धित समस्याका विषयमा निःशुल्क चिकित्सकीय परामर्श उपलब्ध हुनेछ। त्यस्तै, यससँग सम्बन्धित आवश्यक जाँच गराउने व्यवस्था पनि गरिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार अभियानका क्रममा आवश्यक देखिएका महिलाको म्यामोग्राम र ब्रेस्ट यूएसजीमा ५० प्रतिशत छुट उपलब्ध गराइएको छ । स्तनमा देखिने असामान्य परिवर्तन तथा क्यान्सरको सम्भावना सम्बन्धी परीक्षणका लागि प्रयोग हुने यी जाँचमा छुटको व्यवस्था गरिएपछि स्वास्थ्य परीक्षण गर्न चाहने महिलालाई सहज भएको मुख कार्यकारी अधिकृत देवकोटाले जानकारी दिनुभयो । सिएमसी क्यान्सर इन्स्टिच्युटले असोज १५ गतेदेखि कात्तिक १३ गतेसम्म अर्थात् अक्टोबर १ देखि ३० गतेसम्म यो विशेष अभियान सञ्चालन गर्ने जनाएको छ ।

स्तन क्यान्सर महिलामा देखिने प्रमुख क्यान्सरमध्ये एक भएकाले यससम्बन्धी सचेतना, समयमै परीक्षण र आवश्यक परामर्शलाई अभियानले प्राथमिकता दिएको छ ।

स्तनमा गाँठो देखिनु, आकार वा स्वरूपमा असामान्य परिवर्तन आउनु, निप्पलमा असामान्य परिवर्तन हुनुजस्ता समस्या देखिएमा स्वास्थ्यकर्मीको परामर्श लिनु महत्वपूर्ण मानिने चिकित्सकहरू बताउँछन् । यस्ता समस्या नदेखिए पनि आफ्नो स्वास्थ्य अवस्थाअनुसार नियमित परीक्षण र चिकित्सकीय परामर्शले रोगको जोखिम पहिचान गर्न सहयोग पुग्ने उहाँले बताउनुभयो ।

# एकाधिकार रोक्न व्यवसायी सङ्घको माग

काठमाडौँ। नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घले मलेसियामा नेपाली श्रमिक पठाउने प्रक्रियालाई निश्चित वैदेशिक रोजगार व्यवसायी संस्थामा सीमित गरी एकाधिकार कायम गर्न खोजिएको भन्दै त्यसलाई रोक्न सरकारको ध्यानाकर्षण गराएको छ ।

सङ्घले सोमबार पत्रकार सम्मेलन गरी मलेसियाको फरेन वर्कर्स सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम (एफडब्ल्युसिएमएस) अन्तर्गत नेपालका सीमित वैदेशिक रोजगार व्यवसायी संस्थालाई मात्र सूचीकृत गरिएको विषयमा प्रश्न उठाएको हो ।

मलेसियाको एफडब्ल्यु सिएमएसमा नेपालका २५ वटा वैदेशिक रोजगार व्यवसायी संस्थालाई मुख्य र २५० वटा संस्थालाई सहायक संस्थाका रूपमा सूचीकृत गरिएको विषय सार्वजनिक भएपछि छनोट प्रक्रिया, मापदण्ड र पारदर्शितामाथि प्रश्न उठेको छ ।

## विनिताको ...............

दोषीका रूपमा हेर्नुभन्दा समस्या बुझेर आवश्यक परामर्श, उपचार र पारिवारिक सहयोग दिनुपर्छ'', उहाँले भन्नुभयो । बस्नेतले दुर्व्यसनबाट मुक्त हुन शारीरिक उपचारसँगै मानसिक रूपमा बलियो बन्न आवश्यक रहेको बताउनुभयो। पुनःस्थापनापछि पनि परिवार र समाजले सकारात्मक व्यवहार गर्दै निरन्तर साथ दिन सके प्रभावित व्यक्ति सामान्य जीवनमा फर्कन सहज हुने उहाँको भनाइ छ। राष्ट्रिय महिला आयोगका उपसचिव सीता अधिकारीका अनुसार दुर्व्यसनबाट प्रभावित महिला तथा किशोरीको पुनः स्थापनाका लागि राज्यका निकायको भूमिका महत्त्वपूर्ण हुन्छ । उहाँले यस्ता व्यक्तिलाई उपचार र पुनःस्थापनाको अवसरसँगै परिवार तथा समाजमा पुनःस्थापित हुन आवश्यक वातावरण निर्माण गर्न सरकारी निकायले पनि पहल गर्नुपर्ने बताउनुभयो । ''दुर्व्यसनबाट प्रभावित महिला तथा किशोरीको पुनःस्थापनाका लागि सङ्घसंस्थाको प्रयास मात्र पर्याप्त हुँदैन। राज्यका सम्बन्धित निकायले पनि आफ्नो जिम्मेवारीअनुसार सहयोग गर्नुपर्छ। महिला आयोग तथा अन्य सरकारी निकायबाट गर्न सकिने सहयोगका लागि आवश्यक पहल गर्छौं'', उपसचिव अधिकारीले भन्नुभयो । किशोर किशोरीलाई दुर्व्यसन बाट जोगाउन तथा दुर्व्यसनमा फसेकाहरु लाई पुनःस्थापनामा सहयोग पुर्याउन विटीआई व्यावसायिक ग्रुप अन्तर्गतको कल्प फाउण्डेसनले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

''दुर्व्यसनबाट प्रभावितलाई समाजबाट अलग गर्ने होइन, उनीहरूलाई पुनः सामान्य जीवनमा फर्किन सक्ने वातावरण बनाउनुपर्छ। त्यसका लागि हौसला, साथ र निरन्तर सहयोग आवश्यक छ'', रायमाझीले भन्नुभयो । वीटीआई ग्रुपका प्रमुख कार्यकारी अधिकृत दिलीपराज बरालले दुर्व्यसनबाट मुक्त हुन प्रभावित व्यक्ति स्वयं मानसिक रूपमा बलियो भएर त्यसबाट बाहिर निस्कने प्रयास गर्नुपर्ने बताउनुभयो ।

# उद्योग क्षेत्रमा रहेका कानुनी तथा प्रक्रियागत अवरोध हटाउँछौं: मन्त्री साह

काठमाडौँ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपक साहले उद्योग क्षेत्रमा रहेका कानुनी तथा प्रक्रियागत अवरोध हटाउँदै लगानीमैत्री वातावरण निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको आजको बैठकमा उहाँले समयअनुसार कानुन, प्रक्रिया र कार्यशैलीमा सुधारको आवश्यकताबारे सरकार सचेत रहेको बताउनुभयो ।

सरकारको भूमिका सहजीकरण, नियमन र नीति निर्माण गर्ने तथा निजी क्षेत्र उत्पादन, लगानी, रोजगारी र नवप्रवर्तनको प्रमुख साझेदार रहेको उल्लेख गर्दै मन्त्री साहले सरकार र निजी क्षेत्र मिलेर समाधान खोज्नुपर्ने बताउनुभयो । उहाँले कानुन बाधक भए सुधार गर्ने, प्रक्रिया बाधक भए सरल बनाउने, समन्वयको कमी भए समन्वय र सहकार्य गर्ने तथा भ्रष्टाचार वा विभिन्न खालका अनावश्यक हस्तक्षेपमा शून्य सहनशीलताको नीति अपनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। डिजिटल अर्थतन्त्र, ई-कमर्स, आधुनिक आपूर्ति श्रृङ्खला, अन्त राष्ट्रिय प्रतिस्पर्धा र निजी क्षेत्रको बदलिँदो भूमिकालाई सम्बोधन गर्ने गरी कानुन तथा प्रक्रियालाई सरल, पारदर्शी, प्रविधिमैत्री र लगानीमैत्री बनाइने मन्त्री साहले प्रतिबद्धता समेत जनाउनुभयो ।

औद्योगिक उत्पादकत्वमा असर परेकाले बिदा पुनरावलोकन गर्न आग्रह

उक्त बैठकमा उद्योगी व्यवसायीले सार्वजनिक तथा साप्ताहिक बिदाका कारण औद्योगिक उत्पादकत्वमा परेको असर परेकोबारे सरकारको ध्यानाकर्षण गराउँदै बिदासम्बन्धी व्यवस्थामा पुनरावलोकन गर्न समितिमार्फत सरकारको ध्यानार्कषण गराउनुभयो। उद्योग सङ्गठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले सार्वजनिक बिदाको सङ्ख्या तथा साताको दुई दिने बिदालाई औद्योगिक उत्पादनको प्रकृतिसँग तादात्म्य मिल्ने गरी पुनर्विचार गर्न आग्रह गर्नुभयो ।

मोरङ उद्योग व्यापार सङ्घका अध्यक्ष अनिलकुमार शाहले बैंक बिदा कटौती गर्न तथा साप्ताहिक बिदाका कारण उद्योग व्यवसायमा परेको असरलाई सम्बोधन गर्न माग गर्नुभयो ।

सो क्रममा उहाँले उधारो कारोबारसम्बन्धी कानुन तत्काल ल्याउन तथा सीमामा अनाधिकृत व्यापार नियन्त्रण गर्न आग्रह गर्नुभयो ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले साप्ताहिक बिदाका कारण उद्योगी व्यवसायी मारमा परेको बताउँदै शिक्षा, स्वास्थ्य तथा उद्योग व्यवसायमा साप्ताहिक बिदाले उत्पादकत्वमा असर पारेको गुनासो गर्नुभयो ।

बैठकमा औद्योगिक ग्राम, दोहोरो कर, उद्योग तथा व्यवसाय दर्ता र नवीकरणका लागि एकद्वार प्रणाली, खुला सीमाबाट हुने चोरी पैठारी नियन्त्रण, सुक्खा बन्दरगाह तथा उद्योग सञ्चालनका लागि विद्युत् आपूर्तिलाई दिगो र भरपर्दो बनाउनेलगायत विषय उठेका छन्। विद्युत् आपूर्तिका लागि सब- स्टेशन सञ्चालन लाई प्रभावकारी बनाउनुपर्ने लगायतका विभिन्न मागहरु उद्योगी व्यवसायीले राख्नुभयो ।

# 'विपद्ले भत्किएका बस्तीको सुरक्षित पुनःनिर्माण कति आवश्यक ?'

काठमाडौँ । रसुवाको भोटेकोशी क्षेत्रमा गत भदौ १० गते आएको बाढीले बस्ती र भौतिक संरचनामा ठूलो क्षति पुर्याएपछि अब पुनःनिर्माणका साथै विपद्सम्बन्धी जोखिमलाई ध्यानमा राखेर सुरक्षित र एकीकृत बस्ती निर्माण गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् । बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ लगायत जिल्लाका १५ पालिकाका हजारौँ नागरिक प्रत्यक्ष प्रभावित भएका छन् ।

टिमुरे, स्याफ्रुवेशी, खाल्टे, बेत्रावती, त्रिशूलीलगायत बजार तथा बस्ती भग्नावशेषमा परिणत भएका छन् । भोटेकोशी बाढीले नदी तटीय क्षेत्रमा घर मात्र होइन, जमिन नै बगाएको अवस्था छ । यस्तो अवस्थामा सरकारले बहुप्रकोप जोखिम क्षेत्रको पहिचान गर्नुका साथै उच्च जोखिमयुक्त क्षेत्रको सिमाना यकिन गरी त्यस्ता क्षेत्रमा भवन, सडक तथा अन्य पूर्वाधार निर्माण निरुत्साहन गर्न पहल गरिरहेको छ। सरकारकारद्वारा विस्थापितलाई घरभाडा सुविधा, अस्थायी आवास व्यवस्था-पनको काम भएको छ ।

सोमबार मात्रै सरकारले रसुवा भोटेकोशी बाढीपछिको खोज तथा उद्धार चरणलाई स्थगन गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को २१औँ बैठकले सो निर्णय गरेको हो । बैठकले अत्यावश्यक खोजसँगै पुनःनिर्माण र पुनःस्थापना कार्य तीव्र रूपमा अगाडि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय गरेको छ ।

यसैगरी आजको बैठकले प्रभावित क्षेत्रको पुनःनिर्माण तथा पुनर्स्थापनाका लागि विभिन्न मन्त्रालय र निकायबाट प्राप्त ५०४ वटा योजना तथा कार्यक्रमका लागि पाँच खर्ब ५९ अर्ब १७ करोड ७२ लाख २७ हजार रुपैयाँ बराबरको बजेट स्वीकृतिका लागि अर्थ मन्त्रालयमा सिफारिस पठाउने गरेको निर्णय गरेको छ ।

अर्थमन्त्रालयका मानवीय मामिला सल्लाहकार विश्व बिजय पराजुलीले भोटेकोशी बाढी प्रभावित क्षेत्रका पुनःनिर्माण हुने बस्ती मात्रै नभई भविष्यमा पुननिर्माण हुने बस्ती कसरी सुरक्षित रूपमा बनाउने भन्ने विषयमा गम्भीर हुनुपर्ने बताउनुभयो । "भवन निर्माणसम्बन्धी ऐनमा भएका व्यवस्था कार्यन्वयनमा समस्या देखिएको छ। ऐन कार्यन्वयन हुने भए मात्रै पनि विपद्बाट हुने धनजनको क्षति न्यूनीकरण गर्न सकिन्छ", उहाँले भन्नुभयो, "अब भोटेकोशी बाढी प्रभावित क्षेत्रका बासिन्दा सधैँ होल्डिङ सेन्टरमा बस्न सक्दैनन् । स्थानीय तहको पनि सक्रियतामा सुरक्षित बस्ती पुनःनिर्माण अगाडि बढाउन जरुरी छ ।"

सोमबार विश्व बसोबास दिवस । अब नयाँ बन्ने बस्तीका संरचना जलवायुमैत्री हुनुपर्ने र सुरक्षित बसोबासको सुनिश्चित हुनुपर्ने भन्ने सरोकार भएका निकायका प्रतिनिधिले जोड दिएका छन्। पूर्वाधार विकास मन्त्रालयका निमित्त सचिव पदमकुमार मैनालीले नेपालका बजारबस्तीले निरन्तर रूपमा बाढीपहिरो, डुबान, भूकम्प, आगजनीलगायत सङ्कट झेलिरहेका भन्दै अब बस्ती तथा अन्य भौतिक पूर्वाधार निर्माण गर्दा विपद्मैत्री हुनुपर्ने बताउनुभयो । "कतिपय स्थानमा आवाससम्बन्धी मापदण्ड पालना नगरेकै कारण विपद्बाट बस्ती सुरक्षित छैनन्। अब निर्माण गरिने नयाँ बस्तीलाई कसरी सुरक्षित बनाउने भनेर सरकारले बनाएको मापदण्ड स्थानीय समुदायले परिपालना गर्न आवश्यक छ", उहाँले भन्नुभयो ।

सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक दिलिप भण्डारीले भाटेकोशी बाढी प्रभावित क्षेत्रमा सुरक्षित र सुलभ आवास निर्माणका लागि तीनै तहका सरकारबीच समन्वय आवश्यक रहेकामा जोड दिनुभयो ।

विभागका उपमहानिर्देशक रविन्द्र बोहोराले बाढीका कारण सात हजार ५०० भन्दाबढी आवासमा क्षति पुगेको जनाउँदै सुरक्षित स्थानमा पुनः निर्माणका लागि बस्ती विकासका नीति बनाइनुपर्नेमा जोड दिनुभयो । विभागका उपमहानिर्देशक लिला खतिवडाले सुलभ आवास र सुरक्षित तथा व्यवस्थित बसोबास पद्दतिका विभिन्न आयाम, विपद् पछिको पुनःनिर्माण र पुर्नउत्थानका विभिन्न आयाम र अन्तरराष्ट्रिय अभ्यास तथा तीनै तहका सरकार र विभिन्न सङ्घ संस्थाको प्रभावकारी समन्वका लागि छलफल भइरहेको जानकारी दिनुभयो ।

"व्यवस्थित र सुरक्षित बस्ती विकासको यो बहसलाई अक्टोबर महिनाभर निरन्तरता उद्देश्यले विभागले संयुक्त राष्ट्र सङ्घीय मानव आवास कार्यक्रम (युएन ह्याविट्याट)लगायत सरोकार भएका निकायसँग समन्वय गरी छलफल आयोजना गरिनेछ", उहाँले भन्नुभयो, "तीनै तहका सरकार, विकास साझेदार संस्था र विभिन्न सङ्घसंस्थासँगको समन्वय र सहकार्यमा खोज, उद्धार, राहत, पुनःस्थापना हुँदै सुरक्षित, आर्थिक रूपले गतिशील र उत्थानशील पुनःनिर्माण र व्यवस्थित बस्ती विकासको काममा विभागले सबैसँग हातेमालो गरिरहेको छ । आगामी दिनमा पनि यस्तै सहकार्यको अपेक्षा राखेका छौँ ।"

सोमबार विश्व बसोबास दिवस मनाइयो

सबैका लागि उपयुक्त आवास सुनिश्चित गर्दै दिगो सहरी विकासमा योगदान पुर्याउने लक्ष्यसहित विश्वको ध्यानाकर्षण गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रमको पहलमा सन् १९८६ देखि हरेक वर्ष अक्टोबर महिनाको पहिलो सोमबार विश्व बसोबास दिवस मनाउँदै आइएको छ ।

नेपालमा पनि सन् २००१ देखि विभिन्न सरकारी निकाय, संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रमको नेपालस्थित कार्यालय र विभिन्न गैरसरकारी सङ्घ संस्थासँगको सहकार्यमा नेपाल सरकारले विश्व बसोबास दिवस मनाउँदै आइरहेको छ। आज 'सुलभ आवासः सुरक्षित बसोबास'भन्ने नाराका साथ विभिन्न कार्यक्रम आयोजना गरी यो दिवस मनाइएको हो । सहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक एकराज अधिकारीले पछिल्लो समय समग्र विश्वले प्राकृतिक विपद्, जलवायुजन्य सङ्कट, राजनीतिक द्वन्द्वलगायत विभिन्न अप्ठ्यारा परिस्थिति झेलिरहेको बताउनुभयो । "यी विपद्को चपेटामा परी आवास तथा बसोबास प्रणालीमा भौतिक, आर्थिक, सामाजिक र सांस्कृतिक सङ्कट बढ्दै छन् । यसले मानव सभ्यतामा गम्भीर चुनौती खडा गरेको छ", उहाँले भन्नुभयो, "विभिन्न अध्यायनअनुसार विश्वका करिब तीन अर्ब मानिस पर्याप्त आवासको सुविधाबाट वञ्चित छन् भने करिब एक दशमलव एक अर्ब मानिस अनौपचारिक बस्तीमा छन्। साथै घरबारविहीनको सङ्ख्या लाखौँमा छ। नेपालमा आवासलाई मौलिक हकको रूपमा संविधानले सुनिश्चित गरेको अवस्थामा आवासको पहुँच सुनिश्चित गर्न नेपाल सरकार निरन्तर क्रियाशील छ ।"

एकपछि अर्को आउने विपद्ले हामीलाई निरन्तर चुनौती पनि दिइरहेको उपमहानिर्देशक अधिकारीले धारणा राख्नुभयो । उहाँका अनुसार यसरी प्राकृतिक र मानवीय विपत्तिबाट निम्तिने गम्भीर परिणामका असरलाई कम गरी सङ्कट सामनामा मानव बस्तीको क्षमता बढाउनु अपरिहार्य भएको छ । "यसका लागि सामूहिक सहकार्य र सामूहिक प्रयासबाट यस्ता सङ्कटलाई चिर्दै न्यायोचित समाज निर्माण गर्न सकिने भएकाले सबैको हातेमालो अपरिहार्य छ", उहाँले भन्नुभयो ।

संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रमको मानवीय कार्यक्रम व्यवस्थापक प्रज्ञा प्रधानले विश्वमा अर्बौं मानिस सुरक्षित आवास पाउनबाट वञ्चित भएका सन्दर्भ जोड्दै नेपालको संविधानले पनि मौलिक हकका रूपमा सुरक्षित आवासको व्यवस्था गरे पनि कार्यन्वयनमा भने चुनौती रहेको बताउनुभयो ।

# भू- माफिया ठण्डिराज उपाध्यायले कुम्ल्याएको जग्गा २५ वर्षअगाडि नै वन र पर्ती कायम भएको खुलासा

काठमाडौं। भू- माफिया ठण्डिराज उपाध्याय र केदारराज उपाध्यायले व्यक्तिगत नाममा दर्ता गरेर बिक्रि गर्दै आएको काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिका वडा नं. ४ (साबिक मेथिन्कोट गाउँपालिका वडा नं. २), नामिडाँडा स्थित कित्ता नं. ३०४ को जग्गा २५ वर्षअगाडि नै छुट दर्ताको माग अस्वीकार भई वन र पर्ती कायम भएको खुलासा भएको छ ।

काभ्रेपलाञ्चोक मालपोत कार्यालय (हाल भूमि प्रशासन कार्यालय काभ्रेपलाञ्चोक)ले नमोबुद्ध नगरपालिका वडा नं. ४, नामिडाँडा स्थित कित्ता नं. ३०४ को ११-११-२-२ जग्गा दर्ताका लागि छ जना चिमोरियाले गरेको मागका सम्बन्धमा मालपोत ऐन, २०३४ बमोजिम सुनुवाइ गरी २०५६ सालमा वन र पर्ती कायम गरेको खुलासा भएको हो ।

सरकारी कायम भइसकेको सोही जग्गा दुई वर्षअगाडि मालपोत कार्यालयले विगतको आफ्नै आदेश र मालपोत ऐन, २०३४ विपरीत ठण्डिराज उपाध्याय चिमोरिया र चन्द्र लाल उपाध्यायको छोरा केदार राज उपाध्याय चिमोरियाको नाममा दूषित दर्ता गरेको छ ।

यसअघि, २०५४ साल चैत १९ मा ती दुई जनासहित छ जना चिमोरियाले उक्त जग्गा दर्ता छुट भएको भनी मालपोत कार्यालयमा छुट्टाछुट्टै निवेदनहरू दिएका थिए ।

मालपोत कार्यालयले उनीहरूको निवेदनमाथि सुनुवाइ गर्दै मालपोत ऐन, २०३४ बमोजिम निवेदन परेको मितिले दुई वर्षभित्रै २०५६ साल वैशाख १२ मा उक्त जग्गा वन र पर्ती भएको आदेश गरेर अन्तिम टुङ्गो लगाएको थियो । मालपोत कार्यालयले अन्तिम टुङ्गो लगाएसँगै उक्त जग्गा पूर्ववत् रूपमा सरकारी कायम रहेको कानुन व्यवसायीहरूको भनाइ छ । मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा २ मा 'जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छुट भएकोमा उक्त जग्गाको साबिक दर्ता, तिरो र भोग समेतको आवश्यक छानबिन गरी तोकिएबमोजिमको समितिको सिफारिसमा तोकिएको प्रक्रिया अपनाई मालपोत कार्यालयले त्यस्तो जग्गा दर्ता गर्न सक्नेछ। त्यस्तो दर्ता सम्बन्धमा मालपोत कार्यालयले निवेदन परेको मितिले दुई वर्षभित्र अन्तिम टुँगो लगाइसक्नुपर्नेछ' भन्ने उल्लेख छ।

मालपोत कार्यालयले त्यतिबेला छुट दर्ता मागका निवेदनहरूमाथि सुनुवाइ गर्ने क्रममा उक्त जग्गाको साबिक दर्ता, तिरो र भोगका सम्बन्धमा छानबिन गरेको थियो । त्यस क्रममा छ जना चिमोरियाले उक्त जग्गाको साबिक दर्ताको कागजात, तिरो तिरेका रसिद र भोगचलनको प्रमाण दिनसकेका थिएनन् ।

साथै, सरकारी श्रेस्तामा उक्त जग्गा वन र पर्ती उल्लेख गरी जोताहा, सहीछाप, प्रमाण संकेत र मोहीको व्यहोरा महल समेत खाली रहेको र फिल्डमा पनि रूख तथा बुट्यानले ढाकिएको पाइएको थियो । सोही कारण मालपोत कार्यालयले व्यक्तिगत मागदाबी नपुग्ने ठहर गरी उक्त जग्गा विरहमा पर्ती वनबाट रोक्का उल्लेख गरी तामेलीको आदेश गरेको कागजातमा देखिएको छ।

यसैगरी, भूमि प्रशासन निर्देशिका, २०८१ बमोजिम पनि उक्त जग्गा व्यक्तिको हुनै नसक्ने भूमि सम्बन्धी जानकारहरू बताउँछन् । भूमि प्रशासन निर्देशिका, २०८१ मा 'नापी क्षेत्रीय किताबमा जग्गाधनी र मोही महल खाली भई विरहमा भीर, पहरा, खोल्सी, आवाल, बेलायक वा अन्य कुनै अर्थ आउने व्यहोरा उल्लेख भएको जग्गा र नेपाल सरकारले दर्ता गर्न नमिल्ने भनी तोकेको जग्गाको छुट जग्गा दर्ता गर्न दाबी परेमा त्यस्तो दाबी निवेदनमा प्रचलित कानुनको निर्दिष्ट गरेका कारण वा पुष्ट्याई उल्लेख गरी निर्णय पर्चाबाट त्यस्तो निवेदन खारेज गर्नु पर्नेछ' भन्ने उल्लेख छ।

कानुन व्यवसायीहरूका अनुसार, विगतमा दर्ता नभई वन र पर्ती ठहरिएको २५ वर्षपछि सोही जग्गा पुनः छुट दर्ता माग गरी छ जना चिमोरियामध्ये दुई जना ठण्डिराज र केदार राजले निवेदन दिनु नै कानुनविपरीत हो । कानुनविपरीत परेको त्यस्तो निवेदन भूमि प्रशासन निर्देशिका, २०८१ बमोजिम मालपोत कार्यालयले तत्कालै खारेज गर्नुपर्ने थियो । यसैगरी, वन ऐन, २०७६ बमोजिम पनि रूख र बुट्यानसहितको उक्त पर्ती जग्गा व्यक्तिको हुनै नसक्ने कानुन व्यवसायीहरू बताउँछन् । वन ऐन, २०७६ मा 'वन भन्नाले पूर्ण वा आंशिक रूपमा रूख वा बुट्यानले ढाकिएको क्षेत्र' सम्झनुपर्छ भन्ने उल्लेख छ । जग्गा पनि रूख तथा बुट्यानले ढाकिएको र दुईतिर वन क्षेत्रसँग जोडिएको जग्गा हो । सोही कारण सुरु नापीमा फिल्डमा खटिएका वन प्रतिनिधिले तत्कालीन नापी शाखा काभ्रेको २०३३ सालको फिल्ड बुक उतारको जग्गाधनी महलमा नै वनबाट रोक्का लेखेका थिए । यसबाट त्यतिबेलादेखि नै उक्त जग्गा वन रहँदै आएको स्पष्ट हुने कानुन व्यवसायीहरू बताउँछन् ।

मालपोत नियमावली, २०३६ को नियम ४क. को उपनियम (१) बमोजिम नाप नक्सा भएको तर दर्ता गर्नसम्म छुट भएका जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिने र सो सम्बन्धमा यसअघि नै निवेदन परी फछ्र्यौट हुन बाँकी रहेका पुराना निवेदन फछ्र्यौट गर्ने म्याद यो सूचना प्रकाशन भएको मितिले दुई वर्ष तोकिएको छ ।

# काभ्रेका ३०८ बालबालिकालाई स्वर्णबिन्दु

बनेपा । जिल्ला आयुर्वेद तथा वैकल्पिक चिकित्सालयले बाल-बालिकालाई स्वर्णबिन्दु (स्वर्णप्राशन) खुवाउने कार्यक्रम सञ्चालन गरिरहेको छ ।

गत भदौदेखि सुरु गरिएको कार्यक्रम अन्तर्गत हरेक महिनाको पुष्य नक्षत्रका दिन बालबालिकालाई स्वर्णबिन्दु खुवाइँदै आएको छ। यस पटक अनलाइन मार्फत ३४४ जना बालबालिका दर्ता भएकामा ३०८ जनालाई स्वर्णबिन्दु खुवाइएको चिकित्सालयले जनाएको छ । स्वर्णबिन्दु खुवाइएका बाल बालिकामध्ये १२७ जना बालिका र १८१ जना बालक छन् । बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता बढाउनुका साथै स्मरणशक्ति अभिवृद्धि र समग्र शारीरिक, मानसिक, बौद्धिक एवं साहसिक विकासमा सहयोग पुर्‍याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको चिकित्सालयले जनाएको छ । आयुर्वेद शास्त्रअनुसार प्राचीन कालदेखि नै पुष्य नक्षत्रको शुभ अवसरमा सुन र विभिन्न उपयोगी जडीबुटीको मिश्रणबाट तयार पारिएको स्वर्णबिन्दु सही मात्रामा खुवाउँदा बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने चिकित्सालयका प्रमुख डा अर्जुन उपाध्यायले बताउनुभयो ।

उहाँका अनुसार हाल देशका ६० भन्दा बढी जिल्लामा स्वर्णप्राशन कार्यक्रम सञ्चालन हुँदै आएको छ । तोकिएको समयमा उपस्थित भई आफ्ना बालबालिकालाई स्वर्णबिन्दु खुवाएर कार्यक्रम सफल बनाउन सहयोग पुर्‍याउने अभिभावक प्रति चिकित्सालयले आभार व्यक्त गरेको छ।

# मेलमिलापसम्बन्धी ऐन संशोधन गर्न बनेको विधेयकको संविधान विपरीत व्यवस्था हटाउन माग

काठमाडौं। मेलमिलापसम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयकमा प्रधानन्यायधीशले जिल्ला न्यायधीशलाई मेलमिलापको जिम्मेवारी दिनु संविधानको धारा १५० विपरीत हुने सांसदहरूले बताउनुभएको छ ।

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिको सोमबारको बैठकमा सांसदहरूले विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा संविधानको धारा १५० विपरीत हुने व्यवस्था राख्न नहुनेमा जोड दिनुभएको हो। बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले मेलमिलापको काम पनि न्यायिक भएकाले जिल्ला न्यायधीश लाई मेलमिलापकर्ताको भूमिका दिने गरी विधेयकमा प्रस्ताव गरिएको बताउनुभयो। विधेयकमा स्नातक गरेका मानिस नहुने दुर्गम स्थानका वडामा माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरेकालाई मेलमिलापकर्ता बनाउने व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो।

सोमबार सम्पन्न भएको बैठकमा मधुकुमार चौलागाईं, मनिष खनाल, सुलभ खरेल, साजिदा खातुन सिद्धिकी लगायत सांसदहरूले संविधानमा बाझिने गरी जिल्ला न्यायधीशलाई मेलमिलाप कर्ताको भूमिकामा राख्न नहुने बताउनुभयो।

# मानव-हात्ती सहअस्तित्वका लागि एनटीएनसी र एसईएफबीच सम्झौता

काठमाडौँ । मानव-हात्ती द्वन्द्वको दीर्घकालीन समाधान र सहअस्तित्व कायम गर्न नेपाल सरकारले अन्तरराष्ट्रिय साझेदारीलाई अगाडि बढाएको छ । कृषि, वन तथा पर्यावरण मन्त्रालय अन्तर्गतको राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी) र थाइल्याण्डको संस्था 'सेभ एलिफेन्ट फाउन्डेसन' (एसईएफ) बीच तीन वर्षे रणनीतिक समझदारीपत्र (एमओयू)मा सोमबार हस्ताक्षर भएको हो ।

वनमन्त्री एवं राष्ट्रिय प्रकृति संरक्षण कोषका अध्यक्ष गिता चौधरीको पहलमा यो सम्झौता अघि बढेको मन्त्रालयले जनाएको छ । मन्त्री चौधरीले तराई-मधेस तथा मध्यवर्ती क्षेत्रका बस्तीमा जङ्गली हात्तीको आवागमनसँगै बढ्दो जनधनको क्षति न्यूनीकरण गर्न आधुनिक प्रविधि र ज्ञान भित्र्याउन जोड दिनुभयो। उहाँकै निर्देशनमा कोषका सदस्यसचिव डा चिरञ्जीवी प्रसाद पोखरेलको पहलमा थाइल्याण्डको सेभ एलिफेन्ट फाउण्डेसनसँग समझदारी भएको हो।

सदस्य-सचिव डा पोखरेल र सेभ एलिफेन्ट फाउन्डेसनका संस्थापक एवं निर्देशक साङदुआन चैलेर्टले उक्त सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो ।

समझदारी पत्रमा वन्य जन्तुको बाँच्न पाउने अधिकारको रक्षा गर्दै व्यावहारिक सहअस्तित्व कायम गर्ने अनुभव, आधुनिक प्रविधि र वैज्ञानिक अभ्यास भित्र्याउने विषय उल्लेख छ । कोषको अध्यक्षको हैसियतमा मन्त्री चौधरीले मानव र वन्यजन्तु बीचको द्वन्द्वलाई न्यून गर्न स्थानीय समुदाय, निकुञ्ज प्रशासन र अन्तरराष्ट्रिय विज्ञ संस्थाबीच एकीकृत समन्वय हुनुपर्ने नीतिगत मार्गदर्शन गर्दै आउनुभएको छ ।

सम्झौता अनुसार दुवै संस्थाले नेपालमा जंगली हात्तीको बासस्थान संरक्षण, मानव-हात्ती द्वन्द्व न्यूनीकरणका प्रभावकारी संयन्त्र निर्माण र समुदायमा आधारित सहअस्तित्वका कार्यक्रमलाई संयुक्त रूपमा प्राथमिकताका साथ अघि बढाउनेछन्। साथै घरपालुवा हात्तीको सुरक्षा, स्वास्थ्य स्याहार, पोषण, उचित आवास व्यवस्थापन र उद्धार तथा पुनःस्थापनामा थाइल्याण्डको उत्कृष्ट प्राविधिक ज्ञान र विज्ञता आदानप्रदान गरिनेछ । एमओयू अन्तर्गत माउते, हेरचाहकर्ता तथा वन्यजन्तु प्राविधिकको क्षमता अभिवृद्धि, संयुक्त अनुसन्धान, प्रविधि हस्तान्तरण र प्रभावित स्थानीय समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

ACTION NEPAL
COORDINATION AND COOPERATION FOR "BETTER NEPAL"

**REQUEST FOR QUOTATION (RFQ)**

*First Date of Publication: 6th October 2026*

Action Nepal invites quotation from interested and eligible firms/companies for the supply of hygiene, sanitation, temporary-shelter, and other essential materials for the *Emergency hygiene, sanitation, and temporary-shelter assistance for flood-affected households Project* with funding support from International Medical Corps (IMC) as per the specifications mentioned below.

| S.N. | Items | Unit | Minimum Quantity |
|---|---|---|---|
| 1 | Bucket with lid | piece | 1000 |
| 2 | Household water treatment | pack | 1000 |
| 3 | Bathing soap | bars | 2000 |
| 4 | Liquid handwashing soap | bottle | 1000 |
| 5 | Clothes-washing soap | bars | 2000 |
| 6 | Toothbrush | pieces | 5000 |
| 7 | Toothpaste | tubes | 2000 |
| 8 | Sanitary pads | packs | 4000 |
| 9 | Water jerrycan | piece | 1000 |
| 10 | Plastic mug | piece | 1000 |
| 11 | ORS | sachets | 5000 |
| 12 | Garbage bags | pieces | 10000 |
| 13 | Reusable kit bag | piece | 1000 |
| 14 | Heavy-duty tarpaulin | pieces | 2000 |
| 15 | Nylon/PP rope | meters | 20000 |
| 16 | Ground sheet | piece | 1000 |
| 17 | Blanket | pieces | 2000 |
| 18 | Shelter Fixing Set | Set | 1000 |

**Terms and Conditions**

1. Quotation document can be collected from the Action Nepal, Head Office, Neelkantha Municipality-03, Dhading.
2. Eligible and interested bidder are requested to submit the following documents along with the quotation documents.

- Company/Firm Registration Certificate with renewal
- VAT/PAN Registration
- Tax Clearance Certificate of Fiscal Year 2081/82

**Quotation Submission Requirement:**

- Bidders must clearly mention rates in the quotation document.
- All required documents must be attached with the quotation document.

**Submission Deadline:**

- Sealed quotation must be submitted within office hours on 12th October 2026, 5 PM Late submissions will not be accepted.
- If the deadline falls on a public holiday, the next working day will be considered.

**Submission Address:**
Action Nepal Office, Neelkantha Municipality-03, Sugamtole, Dhading

Action Nepal reserves the right to accept, reject, wholly or partly any or all the bids without assigning any reason whatsoever.

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५१०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com